Ref. N-429/015-17 GoN Registration No. : 01-2070/71

**खुला विश्वविद्यालयको नेतृत्व सम्बन्धमा गैरआवासीय नेपाली संघको विज्ञप्ति !**

आज नेपालमा सहर र सुगम स्थानमा रहेका सम्पन्न नेपालीलाई प्राप्त शिक्षाको गुणस्तर र विपन्न, सिमान्तकृत, ग्रामीण, दुर्गमर वैदेशिक रोजगारमा रहेका नेपालीहरूलाई प्राप्त शिक्षाको अवसर र गुणस्तरमा अपूरणीय खाडल पैदा भएको तथ्य सर्वविदितै छ । यसरी बहुसङ्ख्यक नेपाली जनता गुणस्तरीय शिक्षाको अवसरबाट वञ्चित हुनु एउटा सभ्य समाजका न्याय संगत नहुने ठहर गर्दै सबै नेपालीलाई गुणस्तरीय शिक्षाको अवसर खुला गर्न गैरआवासीय नेपाली संघको तत्वावधानमा सन् २००८ देखि खुला विश्वविद्यालय स्थापना र विकासको एउटा अभियान थालिएको थियो ।

हाम्रो संघका अभियन्ताहरूले प्रस्तुत गरेको प्राविधिक र शैक्षिक परिकल्पनालाई अत्यन्त उन्नत मानेर विश्वका धेरै व्यक्ति र संस्थाहरूले समेत यसमा योगदान दिन जागरूकता देखाएको हुनाले हामीलाई सुरुका वर्षहरूदेखि नै उत्साहित बनाएको थियो । यो परिकल्पनाले प्रवासी बौद्धिक र श्रमजीवी समुदायहरूको भावनालाई खास रूपमा समेटेको थियो । छोटो समयमा नै ठोस गति लिएको तथा समस्त प्रवासी नेपालीहरूको भावनालाई समेटेको हुनाले यो अभियानलाई सन् २०१०मा हाम्रो संघले आफ्नो ध्वजावाहक परियोजना बनाएर नेपाल सरकार सँग सहकार्यका लागि वार्तालाप अघि बढाएको थियो ।दुवैपक्ष सहकार्यका लागि तयार भएपछि सरकार र संघले एक संयुक्त घोषणापत्रमा सार्वजनिक रूपमा हस्ताक्षर गरेर तथा खुला विश्वविदयालय स्टियरिङ्ग समिति गठन गरेर यो कामलाई अघि बढाइएको थियो ।

त्यस सम्झौता पश्चात् संघको कार्यदलका संयोजक डा. प्रमोद ढकाल संघको स्थायी प्रतिनिधि बनेर नेपाल सरकार, शिक्षा मन्त्रालय परिसर केशर महलमा उक्त समितिको कार्यालय स्थापना गरि यो कामको नेतृत्व सम्हाल्नु भएको थियो । त्यो समय देखि आजसम्म आइपुग्दा यो अभियानले संघका चारजना अध्यक्ष र पाँच नेतृत्वदल, दशजना शिक्षामन्त्री,छिटो छिटो फेरिएका थुप्रै सरकार, दुई संसद विनाका अन्तरिम सरकार, दुई संविधानसभा, आदिलाई भोगिसकेको छ । संविधानसभानै विघटन भएर पहिलो चार वर्षका कामहरू कानुन नबनी खेर जानु, आदि धेरै कारणले सम्झौताको मर्म र ऊर्जा मुताबिक काम गर्न कठिन रहेको त्यो समयमा यो अभियानलाई शैक्षिक न्यायको एउटा आन्दोलनको रूपबाट आत्मसात् गरेर हाम्रा अभियन्ताहरू खटिरहनु भयो । यो संघका अभियन्ताहरू आफै खटेर विश्वमा उपलब्ध योग्यतम प्राज्ञहरू, प्रभावकारी प्रणालीहरू र नविनतम प्रविधिहरू जुटाउँछौं र यो विश्वविद्यालयलाई भर्नामा लचकता, पहुँचमा सर्वव्यापकता, गुणस्तरमा अन्तर्राष्ट्रियता, तथा उपाधिमा विश्वसनीयता भएको विश्वव्यापी पहिचान दिलाउँछौं भनेर अहोरात्र लागिरहनु भयो ।

यो बीचमा अन्तर्राष्ट्रिय सहकार्यको वातावरण बनाउने, गुणस्तरको विश्वासको वातावरण बनाउने, दस्तावेजहरू तयार गर्ने, सांसदहरू, सरोकारवालाहरू तथा निर्णायक राजनीतिक-प्रशासनिक व्यक्तिहरू लगायत हजारौं मानिसहरू सँग अन्तरक्रिया गरि यसको आवश्यकता बुझाउने, अभियानलाई समस्त नेपाली जनताको भावनाको वाहकका रूपमा स्थापित गर्ने काम संघको कार्यदलले गरिरहयो । अन्ततः यो अभियानलाई सरकार, संसद् र अन्य वृत्तहरूबाट पनि साथ र सहयोग हुन गई नेपाल खुला विश्वविद्यालय ऐन जारी भयो । यो ऐनले विश्वविद्यालय सभामा गैरआवासीय नेपाली संघको महत्वपूर्ण सहभागिताको व्यवस्था गरी भविश्यमा पनि हाम्रो सहभागिता सुनिश्चित बनायो । यसरी एउटा कठिनाइले जेलिएको

इतिहास बोकेर आज हामी खुला विश्वविद्यालय स्थापनाको सँघारमा आउन सक्यौँ । हाम्रो अभियानले पाएको यो सफलताबाट समस्त गैरआवासीय नेपाली समुदायमा एउटा उत्साहको वातावरण सिर्जना भएकोछ ।

नेपाल सरकार र गैरआवासीय नेपाली संघको यो संयुक्त परियोजनालाई सफल पार्न हामीले आफ्नो तर्फबाट सशक्त नेतृत्वदायी योगदान गर्यौं भन्ने हाम्रो ठहर छ । साथै, न्यायिक, सभ्य, सुशिक्षित, र सुसंस्कृत नेपालको निर्माणमा यो अभियान मार्फत हामी गैरआवासीय नेपालीहरूले नेपाललाई पुर्याएको योगदान प्रति नेपाल सरकार जानकार छ भन्ने हामीलाई लाग्दछ । साथै हामी यो कुरामा आश्वस्त छौं कि नेपाल सरकारले संघका अभियन्ताहरूले गरेको अत्यन्त वृहत् परिकल्पना तथा त्यसलाई फलिभूत बनाउन गरेको योगदान, निष्ठा र समर्पणको उच्च कदर गर्ने छ तथा गैरआवासीय नेपाली समुदायमा रहेको बौद्धिक र प्राविधिक क्षमतालाई खुला विश्वविद्यालय मार्फत नेपाल भित्र्याउन तथा आजको बौद्धिक वहिर्गमनको अवस्थालाई बौद्धिक आगमनमा रूपान्तरण गर्न आवश्यक उर्जा प्रदान गर्ने छ ।

नेपाल सरकारले यो संयुक्त परियोजनाको नेतृत्व संघबाट अभियानमा लागेका व्यक्तिलाई दिएको खण्डमा गैरआवासीय नेपाली प्राज्ञहरूलाई यो विश्वविद्यालय मार्फत नेपाल भित्र्याउन र विश्वविद्यालयको गुणस्तरीयता, विश्वसनीयता र सफलताको लागि सहयोग हुनेछ ।

नेपालको संविधानले दिएको गैरआवासीय नेपाली नागरिकताको मर्म पनि नेपालमा प्रवासी नेपालीहरूको ज्ञान, सीप, अनुभव र लगानीलाई नेपालको समग्र विकासमा सहायक हुने गरि परिचालन गर्ने नै हो भन्ने हामीलाई लाग्दछ ।

त्यसैले यी थुप्रै गम्भीर यथार्थहरूलाई आत्मसात् गरी यो विश्वविद्यालयको मूल मर्मलाई बचाउन नेपाल सरकारले यो विश्वविद्यालय दिगो व्यवस्थापन र सञ्चालनको अवस्थामा पुर्याउने प्रारम्भिक कालका लागि गैरआवासीय नेपाली संघको तर्फबाट अभियानमा लागेका ब्यक्तिलाई नै नेतृत्व दिन बान्छनीय तथा समस्त नेपालीको हित अनुकुल हुने तथ्यलाई यसै विज्ञप्ति मार्फत सार्वजनिक गर्न चाहन्छौं ।

रन्जु थापा वाग्ले
प्रवक्ता
गैरआवासीय नेपाली संघ
अन्तराष्ट्रिय समन्वय परिषद् ।

मितिः २०७३ फाल्गुण १७ ।